आ.ब.२०७८/०७९

**बैठक संख्याः १३७**

**आज मिति २०७९ साल जेष्ठ २२ गते आइतबार** निजगढ नगरपालिकाको प्रमुख श्री सुरथ पुरीज्यूको अध्यक्षतामा निजगढ नगरपालिकाको नगर कार्यपालिकाको बैठक बस्यो। उक्त वैठकको उपस्थिति र निर्णय देहाय अनुसार रहेको छ।

**उपस्थितिः**

१. प्रमुख श्री सुरथ पुरी
२. उपप्रमुख श्री सोममाया थिङ्ग
३. प्रमुख प्रशासकीय अधिकृत श्री सुमन कुमार कार्की
४. १ नं. वडा अध्यक्ष श्री मंगले लोप्चन
५. २ नं. वडा अध्यक्ष श्री राजन श्रेष्ठ
६. ३ नं. वडा अध्यक्ष श्री गोकुल प्रसाद तिमल्सिना
७. ४ नं. वडा अध्यक्ष श्री विशन सापकोटा
८. ५ नं. वडा अध्यक्ष श्री सूर्य बहादुर थापा मगर
९. ६ नं. वडा अध्यक्ष श्री घनश्याम तिमल्सिना
१०. ७ नं. वडा अध्यक्ष श्री टेक बहादुर लामा
११. ८ नं. वडा अध्यक्ष श्री स्वर्ण लामा
१२. ९ नं. वडा अध्यक्ष श्री रामचन्द्र कटुवाल
१३. १० नं. वडा अध्यक्ष श्री आशाकाजी श्रेष्ठ
१४. ११ नं. वडा अध्यक्ष श्री सहइया गुरो
१५. १२ नं. वडा अध्यक्ष श्री ज्ञान बहादुर गोले
१६. १३ नं. वडा अध्यक्ष श्री सूर्य घलान
१७. नगर कार्यपालिका सदस्य श्री पवित्रा सुनार
१८. नगर कार्यपालिका सदस्य श्री फुलमाया लामा घलान
१९. नगर कार्यपालिका सदस्य श्री मनमाया तामाङ
२०. नगर कार्यपालिका सदस्य श्री मनमाया मगर
२१. नगर कार्यपालिका सदस्य श्री मिना चौरेल
२२. नगर कार्यपालिका सदस्य श्री मान बहादुर डासेली
२३. नगर कार्यपलिका सदस्य श्री मैया कुमारी सुनार
२४. नगर कार्यपलिका सदस्य श्री शर्मिला विश्वकर्मा

**आमन्त्रितः**

१. लेखा अधिकृत श्री शिव प्रसाद देवकोटा
२. अधिकृत छैटौं श्री रविन घिमिरे
३. सू.प्र.अ. श्री प्रमोद न्यौपाने

**सहयोगी कर्मचारीः**

१. का.स.श्री आशिष अर्याल
२. ना.प्र.स. श्री लक्ष्मण प्रसाद पराजुली
३. इलेक्ट्रिसियन निरञ्जन ढुंगेल

आ.व.२०७८/०७९

**निर्णयहरु:**

१. निजगढ नगरपालिकामा स्थानीय तह सदस्य निर्वाचन, २०७९ शान्तिपूर्ण, भयरहित, निष्पक्ष एवं सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्याउनु हुने सम्पूर्ण आदरणीय निजगढवासी आमा बुबा, दिदीबहिनी तथा दाजुभाईहरु, मतदाताहरु, निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीहरु, नगर कार्यपालिकाको कार्यालय, निजगढमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, सुरक्षाकर्मीहरु तथा संचारकर्मीहरुलाई निजगढ नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्ने निर्णय गरियो।

२. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम निजगढ नगरपालिकाको प्रमुख श्री सुरथ पुरीज्यूको संयोजकत्वमा देहाय बमोजिम सदस्यहरु रहने गरी निजगढ नगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति पुर्नगठन गर्ने निर्णय गरियो।

(क) प्रमुख श्री सुरथ पुरी – संयोजक
(ख) उपप्रमुख श्री सोममाया थिङ्ग – सदस्य
(ग) वडा अध्यक्ष श्री टेक बहादुर लामा – सदस्य
(घ) वडा अध्यक्ष श्री आशाकाजी श्रेष्ठ – सदस्य
(ङ) नगर कार्यपालिका सदस्य श्री फुल माया लामा घलान – सदस्य
(च) नगर कार्यपालिका सदस्य श्री मान बहादुर डासेली – सदस्य
(छ) प्रमुख प्रशासकीय अधिकृत श्री सुमन कुमार कार्की – सदस्य सचिव

३. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ (१) बमोजिम निजगढ नगरपालिकाको उपप्रमुख श्री सोममाया थिङ्गज्यूको संयोजकत्वमा देहाय बमोजिम सदस्यहरु रहने गरी निजगढ नगरपालिकाको स्थानीय राजस्व परामर्श समिति पुर्नगठन गर्ने निर्णय गरियो।

(क) उपप्रमुख श्री सोममाया थिङ्ग – संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत श्री सुमन कुमार कार्की – सदस्य
(ग) वडा अध्यक्ष श्री घनश्याम तिमल्सिना –सदस्य
(घ) नगर कार्यपालिका सदस्य श्री शर्मिला विश्वकर्मा - सदस्य
(ङ) नगर उद्योग बाणिज्य संघ, निजगढको अध्यक्ष – सदस्य
(च) घरेलु तथा साना उद्योग संस्थाका प्रतिनिधि – सदस्य
(छ) राजस्व उपशाखा प्रमुख श्री दिनेश श्रेष्ठ – सदस्य सचिव

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

४. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ (१) बमोजिम सोही ऐनको दफा ६६ मा निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा आधारित भई निजगढ नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न निजगढ नगरपालिकाको उपप्रमुख श्री सोममाया थिङ्गज्यूको संयोजकत्वमा देहाय बमोजिम सदस्यहरु रहने गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरियो।

(क) उपप्रमुख श्री सोममाया थिङ्ग– संयोजक
(ख) वडा अध्यक्ष श्री मंगले लोप्चन – सदस्य
(ग) वडा अध्यक्ष श्री ज्ञान बहादुर गोले – सदस्य
(घ) वडा अध्यक्ष श्री विशन सापकोटा – सदस्य
(ङ) वडा अध्यक्ष श्री रामचन्द्र कटुवाल – सदस्य
(च) वडा अध्यक्ष श्री सूर्य घलान – सदस्य
(छ) वडा अध्यक्ष श्री सूर्य बहादुर थापा मगर - सदस्य
(ज) प्रमुख प्रशासकीय अधिकृत श्री सुमन कुमार कार्की – सदस्य
(झ) योजना शाखा प्रमुख श्री ऋषवराज काफ्ले – सदस्य सचिव

५. निजगढ नगरपालिकाबाट संचालित योजना, कार्यक्रम तथा आयोजनाहरुको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन, जाँचपाच तथा फरफारकका लागि निजगढ नगरपालिकाको आयोजना कार्यान्वयन, अनुगमन, जाँचपास तथा फरफारक सम्बन्धी कार्यविधि, २०७५ को दफा ४(१) बमोजिम निजगढ नगरपालिकाको उपप्रमुख श्री सोममाया थिङ्गको संयोजकत्वमा देहाय बमोजिम सदस्यहरु रहने गरी योजना तथा कार्यक्रम अनुगमन, जाँचपास तथा फरफारक सिफारिस समिति पुर्नगठन गर्ने निर्णय गरियो।

(क) उपप्रमुख श्री सोममाया थिङ्ग – संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत श्री सुमन कुमार कार्की – सदस्य
(ग) नगर कार्यपालिका सदस्य श्री मनमाया तामाङ – सदस्य
(घ) नगर कार्यपालिका सदस्य श्री मैया कुमारी सुनार – सदस्य
(ङ) आर्थिक प्रशासन शाखा प्रमुख श्री शिव प्रसाद देवकोटा – सदस्य
(च) योजना शाखा प्रमुख श्री ऋषवराज काफ्ले – सदस्य सचिव

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

CamScanner

६. निजगढ नगरपालिका क्षेत्र भित्र संचालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्न निजगढ नगरपालिकाको शिक्षा ऐन, २०७७ को दफा १० बमोजिम निजगढ नगरपालिकाको प्रमुख श्री सुरथ पुरीज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरु रहने गरी नगर शिक्षा समिति पुर्नगठन गर्ने निर्णय गरियो।

(क) प्रमुख श्री सुरथ पुरी – अध्यक्ष
(ख) उपप्रमुख श्री सोममाया थिङ्ग – सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत श्री सुमन कुमार कार्की – सदस्य
(घ) सामाजिक विकास समितिको संयोजक – सदस्य
(ङ) विधेयक समितिको संयोजक – सदस्य
(च) वडा अध्यक्ष श्री गोकुल तिमल्सिना – सदस्य
(छ) वडा अध्यक्ष श्री स्वर्ण लामा – सदस्य
(ज) नगर कार्यपालिका सदस्य श्री मिना चौरेल – सदस्य
(झ) सामुदायिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरुबाट २ जना तथा संस्थागत विद्यालय अध्यक्षहरुबाट १ प्रतिनिधि सहित ३ जना – सदस्य
(ञ) पेशागत महासंघको प्रतिनिधि - सदस्य
(ट) शिक्षा अधिकृत श्री उत्तम लामिछाने – सदस्य सचिव

७. निजगढ नगरपालिका क्षेत्रमा बर्षाको शुरुवात सँगै डुबानको उच्च जोखिम हुने सम्भावना रहेको र सोबाट जनधनको क्षति हुन सक्ने देखिएकोले बर्षायाममा पानीको निकास सहज रुपमा गराई डुबानको समस्यालाई समाधान गर्न यस नगरपालिकामा रहेका नालाहरुको सरसफाइ गर्नु पर्ने देखिएकोले सो कार्यका लागि नगर कार्यपालिकाको कार्यालय, निजगढका प्राविधिकहरुबाट स्थलगत प्रतिवेदन तथा लागत अनुमान लिई सो बमोजिम बर्षाको पानी निकासलाई सहज बनाउने कार्य तत्कालै अघि बढाउने निर्णय गरियो। साथै, आआफ्नो घर छेउमा सामाग्री थुपारी अबरुद्ध रहेको नाला ७ दिन भित्र सरसफाइ गरी खोल्न सम्बन्धित घरधनीलाई यस नगरपालिकाका सबै वडा कार्यालयहरुद्वारा सार्वजनिक सूचना प्रकाशन गरी अनुरोध गर्ने निर्णय समेत गरियो।

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

८. निजगढ नगरपालिका क्षेत्र भई बग्ने बकैया खोलामा बर्षायाममा परेको पानीबाट बाढी आई मानवबस्ती, खेतियोग्य जमिन, वनजंगल आदिमा जुनसुकै बखत ठूलो मात्रामा क्षति हुने सम्भावना देखिएकोले सोको संरक्षण गर्न बकैया खोलाको पूलको ५०० मि. उत्तर दक्षिण खोला क्षेत्रमा उठेको जमिनका साथै यस नगरपालिकामा रहेका अन्य खोलानालाहरुमा नदीजन्य पदार्थ थुप्रिई उठेको भागलाई एक्साभेटरको प्रयोग गरी खोला/नदी च्यानेलाइज गर्न अत्यावश्यक रहेको हुँदा सो कार्य गर्न स्वीकृति प्रदान गर्न जिल्ला विपद व्यवस्थापन समिति तथा चुरे क्षेत्रमा पर्ने स्थानहरुको हकमा राष्ट्रपति चुरे संरक्षण विकास समितिमा अनुरोध गरी लेखी पठाउने र सोको जानकारी डिभिजन वन कार्यालय, बारालाई समेत गराउने निर्णय गरियो।

९. निजगढ नगरपालिकाको पूर्वाधार, पर्यटन विकासका साथै नगरपालिकाको समग्र विकासका लागि आवश्यक रहेकोले देहायका योजनाहरु मधेश प्रदेश सरकारको आगामी आ.व. २०७९।०८० को बार्षिक योजना तथा कार्यक्रममा समावेश गरी बजेट विनियोजन गरीदिन अनुरोध गरी लेखी पठाउने निर्णय गरियो।

(क) निजगढ नगरपालिका वडा नं. ८ खयरघारी स्थित फन पार्क निर्माण

(ख) निजगढ नगरपालिका वडा नं. १२ स्थित बुङजोर रामथली जोड्ने तथा रामथली कुलिया जोड्ने बुङजोर खोलामा बेली ब्रिज निर्माण कार्य

(ग) निजगढ नगरपालिका वडा नं. १३ स्थित जमानसिङ घलानको घर देखि चुवार जाने बाटोमा भक्तलाल खोलामा बेली ब्रिज निर्माण कार्य

(घ) पूर्व पश्चिम राजमार्ग देखि निजगढ नगरपालिका वडा नं. ४ स्थित खयरघारी, पुरानो निजगढ, ८० विगाहा हुँदै कालोपत्रे सडक निर्माण कार्य

(ङ) निजगढ नगरपालिका वडा नं. ५ स्थित स्कुल टोल देखि शिखरबस्तीसम्म कालोपत्रे सडक निर्माण कार्य

(च) निजगढ नगरपालिका वडा नं. २ स्थित सिंगौल देखि वडा नं. ६ सडकटोल जोड्ने सडक खण्डको सूर्यमान खोलामा बेली ब्रिज निर्माण कार्य

(छ) निजगढ नगरपालिका वडा नं. ६ बाट पुरानो निजगढ जाने बाटो निर्माण कार्य

(ज) निजगढ नगरपालिकाको ७ स्थानमा डिप बोरिङ सिंचाई निर्माण कार्य

(झ) निजगढ नगरपालिका स्थित वडा नं. २ र ३ को सिमाना बाटो कालोपत्रे सडक निर्माण कार्य

(ञ) निजगढ नगरपालिका वडा नं. ३ स्थित बगर खोलामा बेली ब्रिज निर्माण कार्य

सुगत कुमार कंडेल
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

Sangam

CamScanner

(ट) निजगढ नगरपालिका वडा नं. ३ स्थित बगर खोला तटबन्धन निर्माण कार्य र वडा नं. १ स्थित धन्सर खोला सिंचाई तटबन्धन निर्माणं कार्य

(ठ) निजगढ नगरपालिका वडा नं. ६ स्थित १ नं. कुलोलाई पक्की निर्माण कार्य

(ड) निजगढ नगरपालिका वडा नं. ६ स्थित कृष्ण मन्दिरको जग्गामा सभाहल निर्माण कार्य

(ढ) निजगढ नगरपालिका वडा नं. ७ स्थित बन्खु टोल चोक देखि माझि टोलसम्म पि.सि.सि. ढलान निर्माण कार्य

(ण) निजगढ नगरपालिका वडा नं. ४ स्थित वंशलाल धामीको खेत देखि चन्दन चौधरीको खेतसम्म नाला निर्माण कार्य

(त) निजगढ नगरपालिका वडा नं. ११ दोकान टोल देखि पश्चिम टोलसम्म सडक कालोपत्रे निर्माण कार्य।

(थ) निजगढ नगरपालिका वडा नं. ९ स्थित गौरीशंकर क्याम्पस देखि शिव मन्दिरसम्म नाला निर्माण कार्य।

(द) निजगढ नगरपालिका वडा नं. १० स्थित वकैया खोलाको कन्थने दहबाट वडा नं. १२ को लहरेघारीसम्म सिंचाई कार्य।

(ध) निजगढ नगरपालिका वडा नं. १० स्थित हिरा बहादुर मोक्तानको घरबाट वडा कार्यालय जाने बाटो कालोपत्रे निर्माण कार्य।

साथै, यस अघि यस नगरपालिकाबाट मधेश प्रदेश सरकार सँग माग गरी पठाएका योजनाहरु आगामी बजेटमा समावेश गरी दिन पुनः अनुरोध गरी लेखी पठाउने समेत निर्णय गरियो।

१०. निजगढ नगरपालिका वडा नं. ८ स्थित श्री गौरीशंकर माध्यमिक विद्यालय, निजगढ, बारालाई नमूना विद्यालयको रुपमा विकास गर्न नेपाल सरकारबाट छनौट भएकोमा उक्त विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न सो विद्यालयले तयार गरेको गुरु योजना विद्यालय व्यवस्थापन समितिबाट पारित गरी स्वीकृतिका लागि निजगढ नगरपालिकामा पेश भएकोले उक्त विद्यालय सुधार गुरु योजनाको मस्यौदा स्वीकृत गर्ने निर्णय गरियो। साथै, उक्त गुरु योजना बमोजिम निर्माण हुने ३ वटा भवनहरुको नक्सा पास गर्दा नियमानुसार लाग्ने नक्सा पास दस्तुर मिनाहा दिने निर्णय समेत गरियो।

प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

११.निजगढ नगरपालिकामा ५ वटा आधारभूत स्वास्थ्य केन्द्रहरु निर्माणका लागि नेपाल सरकारबाट सशर्त अनुदान तर्फ आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा रु. ६८ लाख रकम विनियोजन भई प्रति आधारभूत स्वास्थ्य केन्द्र रु. १० लाख छुट्याई निर्माण कार्य अघि बढिसकेको र बाँकी रु. १८ लाख बजेटलाई वडा नं. १, ५, ८, १० र वडा नं. १२ स्थित आधारभूत स्वास्थ्य केन्द्रहरुलाई प्रति केन्द्र रु. ३ लाख ६० हजारका दरले आवश्यक रहेको भौतक व्यवस्थापन सम्बन्धी कार्य गर्न नगर कार्यपालिकाको कार्यालय, निजगढका प्राविधिकहरुले तयार गरेको लागत अनुमान बमोजिम निर्माण कार्य अघि बढाउने निर्णय गरियो।

१२.निजगढ नगरपालिका क्षेत्र भित्र बसोबास गरी विभिन्न स्वास्थ्य समस्याका कारण अस्पतालमा उपचाररत एवं आर्थिक रुपमा विपन्न नागरिकहरुलाई स्थानीय सरकारको रुपमा सामाजिक दायित्व समेत निर्वाह गर्नुपर्ने भएकोले देहाय बमोजिम आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय गरियो।

| क्र.स. | आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति/संस्थाको नाम | वडा नं. | आर्थिक सहायता प्रदान गरिएको कारण | रकम |
|---|---|---|---|---|
| १. | श्री छयोसाङ दोर्जे | १० | कुखुरा पालन फर्म जलेको | रु. १० हजार |
| २. | श्री धारा देवी श्रेष्ठ | ७ | गोठ आगलागी | रु. १० हजार |

१३.नेपाल सरकारद्वारा मिति २०७९ साल जेष्ठ १ गते देखि लागू हुने गरी हप्ताको दुई दिन शनिवार र आइतवार सार्वजनिक विदा दिने निर्णय भएकोमा विगतमा कोभिड १९ को संक्रमणको जोखिमका कारण निजगढ नगरपालिका स्थित विद्यालयहरुमा लामो समयसम्म पठनपाठन बन्द हुन पुगेको र वार्षिक कार्यतालिका बमोजिम अन्य विदाहरु समेत रहने भएकोले शनिवार र आइतवार समेत सार्वजनिक विदा दिँदा निजगढ नगरपालिकामा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्दै गुणात्मक शैक्षिक स्तर कायम गर्ने कार्यमा प्रतिकूल असर पर्ने देखिएकोले अर्को निर्णय नभएसम्म निजगढ नगरपालिकामा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शनिवार १ दिन मात्र सार्वजनिक विदा दिने निर्णय गरियो।

Sangam

CamScanner